बैठक संख्या: ७

आज मिति २०८२ साल पौष १६ गते बुधबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्ताबमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको १:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक लेखा अधिकृत श्री हेम बहादुर कार्की |
| सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवाली |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. |
| का.स. श्री पार्वती पाण्डे |

मिती २०८२ पौष १६ गतेको गाउँ कार्यपालिका बैठकका एजेन्डाहरु:

१. माघे संक्रान्ती मेला संचालन सम्बन्धमा ।
२. एकिकृत घुम्ती शिविर संचालन सम्बन्धमा ।
३. गाउँपालिकाको संङ्गठन तथा व्यवस्थान सर्वेक्षण सम्बन्धमा ।
४. समपूरक कोष र विशेष अनुदानमा आयोजना सिफारिस सम्बन्धमा ।
५. गाउँ सभा आव्हान सम्बन्धमा ।
६. मगर दिवसमा सार्वजनिक विदा दिने सम्बन्धमा ।
७. भरतपुर महानगरपालिका सँग साझेदारीमा कार्यक्रम संचालन सम्बन्धमा ।
८. सडक बोर्डसँगको साझेदारीमा संचालन हुने सडकको छनौट सम्बन्धमा ।
९. ठेक्का संझौताको म्याद थप सम्बन्धमा ।
१०. भाषा कला संस्कृती संरक्षण सम्बन्धमा ।
११. पुलका मुख बेल्टारी मो.बा. निर्माण सम्बन्धमा ।
१२. बजेट विनियोजन सम्बन्धमा ।
१३. बचत रकमबाट थप निर्माण कार्य गर्ने सम्बन्धमा ।
१४. स्मार्ट बोर्ड सम्बन्धमा ।

मिति २०८२/०९/१६ गतेको सातौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ रिडीमा हरेक बर्ष माघे संक्रान्ती मेला संचालन हुने गरेकोमा यस बर्षको मेला व्यवस्थापनको लागि गुल्मी उद्योग बाणिज्य संघ, शाखा कार्यालय, रिडी, रुरु फ्रेण्ड्स क्लब र फ्रेण्ड्स क्लब संयुक्त रुपमा बैठकको सहमति अनुसार यस बर्षको मेला गुल्मी उद्योग बाणिज्य संघ, शाखा रिडीले संचालन गर्ने भएकोले उक्त संस्थालाई मेला संचालनको अनुमति दिनुहुन भनी १ नं. वडा कार्यालय, रुरुबाट लेखी आएकोले उक्त संस्थाले मेला संचालन बापत गाउँपालिकालाई रु. ३ लाख राजस्व रकम बुझाउने, मेलामा गाउँपालिकाले संचालन गर्ने कृषि मेला प्रर्द्धशनीको लागि आवश्यक पर्ने स्टल संस्थाहरुले निर्माण गरिदिने, मेला संचालनको लेखापरिक्षण गराई सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने तथा सामाजिक उत्तरदायीत्व वहन गर्दै आम्दानी रकमबाट सामाजिक कार्यहरु गर्ने साथै मेलामा जुवाजन्य खेल खेलाउन नपाउने लगायतका शर्तहरु राखी कार्यालयबाट संझौता गराई माघे संक्रान्ती मेला-२०८२ संचालनको अनुमति प्रदान गर्ने । |
| २. | गाउँपालिकाबाट प्रवाह हुने सेवालाई जनताको घरदैलोमा पुर्‍याउने उद्देश्य अनुसार योजना संझौता, माटो परीक्षण लगायत कृषि विकास सम्बन्धी अन्य सेवा, पशु विकास सम्बन्धी सेवा, स्वास्थ्य सेवा, आयुर्बेद सेवा, जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण लगायतका सेवाहरु वडा कार्यालयहरुमा प्रदान गर्नको लागि एकिकृत घुम्ती शिविर संचालन मिति २०८२ माघ ६ गते देखी १३ गते सम्म गर्ने । |
| ३. | रुरुक्षेत्र गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी पद दर्ताको लागि लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रदेश कितावखानामा पठाउने । |
| ४. | राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०८२/०८/१६ गते प्रकाशित प्रस्ताब आव्हान सम्बन्धी सूचना अनुसार यस गाउँपालिकाले आगामी आ.व. २०८३/०८४ को लागि संघिय सरकार समक्ष माग गर्ने समपूरक र विशेष अनुदान अन्तर्गतका देहायका आयोजनाहरु प्राथामिकताको आधारमा छनौट गरी समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदान (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०८२ अनुसार संघिय सरकार समक्ष प्रस्ताब पेश गर्ने ।<br>देहाय:. |

**(क) समपूरक कोषबाट संचालन हुने योजना:**

| क्र. सं. | आयोजना को नाम | ठेगाना | गाउँपालिकाले व्यहोर्ने रकम | संघिय सरकार समक्ष माग गरिएको रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | एक्लेपिपल -भट्कुवा- जौखोला मो.बा. कालोपत्रे | रुरुक्षेत्र गा.पा.-१, गुल्मी | १,२५,००,०००/- | १,२५,००,०००/- | २,५०,००,०००/- | क्रमागत रुपमा रहेको आगामी आ.व. मा सम्पन्न गर्ने । |
| २. | आमपोखरा लामाखर्क झमादी ओखलढुङ्गा रातामाटा सडक कालोपत्रे | रुरुक्षेत्र गा.पा.- ४, ३, २, १ | ३,५०,००,०००/- | ३,५०,००,०००/ - | ७,००,००,०००/- | प्रथम बर्ष ३ करोड दोस्रो बर्ष २ करोड र तेस्रो बर्ष २ करोड खर्च गर्ने गरी बहुबर्षिय योजना । |

**(ख) विशेष अनुदानबाट संचालन हुने योजना:**

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | रुरुक्षेत्र एक घर एक धारा कार्यक्रम | रुरुक्षेत्र गा.पा. | १,१०,००,०००/- | क्रमागत रहेको ।आगामी आ.व. मा सम्पन्न हुने |
| २. | रुरुक्षेत्र स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | रुरुक्षेत्र गा.पा. | ९०,००,०००/- | |
| | | जम्मा रकम | २,००,००,०००/- | |

(ग) आगामी आ.व. २०८३/०८४ मा राष्ट्रिय योजना आयोगमा माग गर्ने (समपूरक र विशेष अनुदान) का आयोजना तथा कार्यक्रमहरुको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक नरहेको बेहोरा राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंमा जानकारी गराउने ।

५. गाउँसभाको १९ औं अधिबेसन देहाय अनुसार आब्हान गर्ने ।

**देहाय:**

मिति: २०८२ पौष २४ गते विहीबार

समय: दिनको १:०० बजे

स्थान: रुरुक्षेत्र गाउँपालिकाको सभाहल, घिउबेंसी, गुल्मी ।

| | |
|---|---|
| ६. | हरेक बर्ष फागुन १५ गते यस गाउँपालिकाका मगर समुदायहरुले मगर दिवस भव्य रुपमा मनाउदै आएको, गाउँपालिकामा पटक पटक मगर दिवसको अवसरमा सार्वजनिक विदा दिन अनुरोध भई आएकोले मिति २०८२ फाल्गुण १५ शुक्रवार यस गाउँपालिका भर सार्वजनिक विदा दिने । |
| ७. | भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन, बाग्मती प्रदेशसँग यस गाउँपालिकाले भागिनी सम्बन्ध कायम गरेको, विगतका बर्षहरुमा समेत भरतपुर महानगरपालिकाले यस गाउँपालिकाको साझेदारीमा पर्यटन पूर्वाधार निर्माणको लागि बजेट विनियोजन गरी यस गाउँपालिकामा रकम पठाईरहेकोले भरतपुर महानगरपालिकालाई धन्यवाद ज्ञापन गर्दै यस बर्ष दुवै स्थानीय तहको साझेदारीमा रुरुक्षेत्र गाउँपालिका वडा नं. ४ र ५ मा रहेको श्री जनबोध मा.वि. मा इभी भ्यान खरिद गर्ने । |
| ८. | सडक बोर्ड नेपाल, काठमाडौंबाट सडक मर्मत संभार अन्तर्गत साझेदारीमा योजना संचालनको लागि शनिशे ताग्ला-दोबाटा मो.बा., रुरुक्षेत्र-५ लाई छनौट गरी सहमतिको लागि सडक बोर्ड नेपालमा पेश गर्ने । सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेटमा गाउँपालिकाले लागत सहभागिता LISP तथा अन्य साझेदारी कार्यक्रम संचालन शिर्षकमा रहेको रकमबाट विनियोजन गर्ने । |
| ९. | वडा नं. ४ मा निर्माणाधिन औद्योगिक ग्रामको म्याद थपको लागि निर्माण व्यवसायी रोल्पा-श्रृष्टी-माण्डवी जे.भी. बाट मिति २०८२ पौष ६ गते बर्षातको मौषममा कार्य गर्न अवरोध भएको, कार्यालयबाट रनिङ्ग बिलको भुक्तानी समयमा नहुदा निर्माण कार्य समयमा सम्पन्न गर्न समस्या भएकोले म्याद थपको लागि निबेदन प्राप्त भएको, संघीय सरकारबाट औद्योगिक ग्राम निर्माणको लागि समयमा नै रकम प्राप्त नभएकोले कार्यालयले रकम भुक्तानी गर्न नसकेको हुँदा निर्माण कार्यमा ढिलाई भएकोले सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२०, उपनियम (२) को खण्ड (क) बमोजिम मिति २०८२ पौष २८ गतेदेखी २०८३ असार मसान्तसम्मको लागि म्याद थप गर्ने । |
| १०. | प्रदेश सरकारबाट सशर्त अनुदान अन्तर्गत भाषा कला संस्कृति संरक्षण शिर्षकमा विनियोजित बजेटबाट देहायका कार्यक्रमहरु कार्यान्वयन गर्ने । थप कार्यक्रम कार्यान्वियनको लागि सूचना प्रकाशन गर्ने ।<br>देहाय:<br>१.मगर दिवस कार्यक्रम संचालन: रु. १ लाख<br>२. मालिका नौमति बाजा समुह, रुरुक्षेत्र-५: रु. १ लाख ५० हजार<br>३.थानपति मगर समाज, रुरुक्षेत्र-३: रु. १ लाख ५० हजार<br>४. घिउबेंसी पन्चेबाजा समुह, रुरुक्षेत्र-४: रु. १ लाख ५० हजार |
| ११. | Lisp परीयोजना अन्तर्गत वडा नं. २ मा संचालित पुलका मुख बेल्टारी मो.बा. ढलानमा बजेट अपुग भई मुख्य समस्या भएको स्थानमा कार्य हुन नसकेको हुँदा पुलका मुख बेल्टारी मो.बा. शिर्षकमा रु. २५ लाख बजेट विनियोजन गर्ने । Lisp परीयोजना अन्तर्गत बचत रहेको रकमबाट मिति २०८२ मंसीर १० गतेको गाउँ कार्यपालिका बैठकबाट योजना छनौट गरीएकोमा उक्त योजनाको बचत रहने रकम समेत यस योजनामा खर्च गर्ने गरी बैकल्पिक योजनाको रुपमा |

| | |
|---|---|
| | अगाडी बढाउने । |
| १२. | देहायका योजना तथा कार्यक्रम कार्यान्वयनको लागि बजेट विनियोजन गर्ने ।<br>(क) मनकामना आमा समुह ट्रस निर्माण: रु. ३ लाख ५० हजार<br>(ख) व्याक अप खरिद जनबोध मा.वि., वडा नं. ४ र ५: रु. २ लाख ५० हजार<br>(ग) वडा नं. १ मा रहेको फल्चा लागत अनुमान अनुसार मर्मतको कार्य गर्ने ।<br>(घ) कालिका मालिका मन्दिर, वडा नं. ४ लामाखर्कको अधुरो निर्माण कार्य लागत अनुमान अनुसार गर्ने ।<br>(ङ) भिमसेन मन्दिर वडा नं. ५, टाहाटिमको लागि अधुरो निर्माण कार्यको लागि लागत अनुमान तयार गरी निर्माण कार्य अगाडी बढाउने ।<br>(च) विद्यालयहरुमा रहेका कतिपय स्मार्ट बोर्डहरु बिग्रेकोले उक्त स्मार्ट बोर्डहरु लागत अनुमान तयार गरी मर्मतको कार्य गर्ने ।<br>(छ) वडा नं. २ निवासी श्री तिल कुमारी दंगालको उपचारको लागि अन्य सामाजिक सुरक्षा सहायता शिर्षकबाट रु. ३० हजार बजेट विनियोजन गर्ने ।<br>(ज) तल्ला ग्वादी आधारभूत विद्यालय, रुरुक्षेत्र-२ को विद्यालय घेराबारको लागि रु. ५० हजार विनियोजन गर्ने ।<br>(झ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनमा अपुग भएको रकम रु. २५ हजार खेलकुद कार्यक्रम संचालन तथा सामाग्री वितरण शिर्षकमा रहेको रकमबाट भुक्तानी गर्ने ।<br>(ञ) रुरु कृषि परियोजनाबाट पेश भए बमोजिम गाई वितरण गर्ने ।<br>(ट) UWS को साझेदारीमा श्री लक्ष्मी आधारभूत विद्यालयको भवन निर्माण गर्ने कार्य सम्पन्न भएकोले उक्त कार्यक्रममा गाउँपालिका र विद्यालयबाट साझेदारी गर्नुपर्ने रकम विद्यालयबाट पेश भएका विल भरपाईको आधारमा गाउँपालिकाबाट गरिदिने । |
| १३. | चालु आ.व. मा गाउँपालिकाबाट विनियोजित योजनाहरु, प्रदेश तथा संघबाट प्राप्त भएका सशर्त अनुदान, विशेष अनुदान लगायतका योजनाहरुको टेन्डर भई बचत रहेको रकमबाट सोही आयोजनाहरुमा थप निर्माण कार्य गर्नको लागि प्राविधिक लागत अनुमानको आधारमा प्रचलित कानुन अनुसार खरिद विधि अगाडी बढाउने । |
| १४. | चालु आ.व. मा E-Bid मार्फत खरिद भएका स्मार्ट बोर्डहरु १२ कक्षा संचालन भएका वडा नं. १ को रिडी मा.वि. लाई बचत रकमबाट खरिद गरी उपलब्ध गराउने । अन्य १२ कक्षा संचालन भएका विद्यालयहरुलाई २/२ वटाका दरले उपलब्ध गराउने । |